


# केराबारी

शब्द/तस्बिर : लिलाबल्लभ घिमिरे, चन्द्र बस्नेत, सनम तामाङ

# केराबारी

मोरङ जिल्लाको उत्तरपश्चिममा पर्ने केराबारी गाउँपालिकाको क्षेत्रफल २१९.८३ वर्गकिलोमिटर छ । प्रदेशको राजधानी विराटनगरबाट ४६ किलोमिटर उत्तरपूर्वमा रहेको यो गाउँपालिका पूर्वपश्चिम राजमार्गभन्दा करिब ५ किलोमिटर उत्तरको यात्रा गरेपछि पुग्न सकिन्छ ।

साविकका केरावारी, याङशिला, पाटी र सिहदेवी गाबिसका सबै वडाहरू तथा लेटाङ्ग भोगटेनी नगरको वडा नम्बर १ लाई मिलाएर केराबारी गाउँपालिका बनेको हो । पालिकामा १० वडा छन् । यसको केन्द्र केराबारी वडा नम्बर १० मा छ ।




केराबारी गाउँपालिका क्षेत्रको ठूलो भूभागलाई घना जंगलले ढाकेको छ । यसको नामकरण केराको बारी या केरा पाइने स्थानका रूपमा रहेको पाइन्छ । इसापूर्व कालमा यस गाउँपालिकाबाट 'उत्तरामहापथ्या' गएको मानिन्छ । उत्तरामहापथ्या भारतको पूर्वी भागबाट पश्चिम एशिया र यूरोपतिर जाने व्यापारिक मार्ग थियो ।

चीनतर्फ सिल्क रोड चलनचल्तीमा रहेसरह नै यस भेगबाट यस्तो बाटो गएको हुनाले प्राचीन कालतिर व्यापारी र तीर्थयात्रीहरू हालको केराबारी हुँदै कछाडको बाटो हिंडेर आउजाउ गर्ने गर्दथे । अघि इसाको सातौं शताब्दीतिर भारतको आसामबाट मत्स्येन्द्रनाथलाई यही बाटो हुँदै काठमाडौं उपत्यका लगिएको किंवदन्ती पनि छ । तिनलाई उपत्यका लैजाने बन्धुदत्त नामका तान्त्रिकले मत्स्येन्द्रनाथलाई यहीँ एक रात वास बसाएका थिए भनिन्छ । तसर्थ केराबारी भेगका विभिन्न गतिविधिमा मत्स्येन्द्रनाथको नाम जोडिने गर्दछ ।

गाउँपालिकाको उत्तरी भाग केही पूर्वतिर फैलिएको छ । भौगोलिक हिसाबले यो पालिका अक्षांश २६° ८४ डिग्री उत्तर ८७४१ डिग्री पूर्वी देशान्तरमा फैलिएको छ।

प्रशस्तै सम्भावना बोकेका पर्यटकीय केन्द्रहरू, सिमसार क्षेत्रहरू र जैविक विविधताका हिसाबले पनि महत्वपूर्ण छन् । जैविक विविधता र पहाडी भूभागबाट देखिने मनोरम प्राकृतिक दृष्य, हरियाली तराई क्षेत्रमा पर्ने वन र सिमसार र यहाँ बसोबास गर्ने समुदायको मौलिक संस्कृति र यससँग सम्बन्धित पर्यटन केराबारी गाउँपालिकाको गहना मात्र होइन आम्दानीको राम्रो पनि स्रोत हुन् ।



जेफाले डाँडाको यात्रा दुई फरक मार्ग हुँदै गर्न सकिन्छ । केराबारी गाउँपालिकाको केन्द्र केराबारी बजारबाट सिंहदेवी हावेचौरीसम्म करिब २१ किलोमिटर दूरी पार गरेपछि जेफाले डाँडाको फेदी पुग्न सकिन्छ । त्यसैगरी विराटनगरबाट धरान-भेडेटार, धनकुटाको डाँडागाउँ-राजारानी हुँदै पनि उक्त स्थानसम्म जान सकिन्छ । दुबैतर्फको सडक भने व्यवस्थित भइसकेको छैन । कच्ची अवस्थामै छ । साना सवारी साधन भाडामा लिएर गएको खण्डमा यहाँसम्मको यात्रा सहज रुपमा गर्न सकिन्छ ।

यो स्थानको नाम लिम्बूभाषाको जेफालोबाट भएको हो, जसको अर्थ पासो या धराप भन्ने हुन्छ । सुरुसुरुमा यहाँ स्थानीय गोठालाहरूले सिकार फसाउनका लागि ढुङ्गा र अन्य वस्तुको पासो थाप्ने गर्दथे । तसर्थ डाँडाको नाम जेफाले रहन गएको हो । जेफालेडाँडाबाट सूर्योदय र सूर्यास्तको रमणीय दृश्य देख्न सकिन्छ । पूर्वका १६ वटा जिल्लाका दृश्यहरू र उत्तरतर्फ हिमशृंखला देखिने हुनाले यसलाई दृश्यावलोकनका लागि महत्वपूर्ण स्थान मानिन्छ ।

यो क्षेत्रको विकासका लागि स्थानीय बासिनदाको प्रयास प्रशंसनीय मानिन्छ । डाँडाको टुप्पामा सिंहदेवीको मन्दिर निर्माण गर्ने र यसलाई धार्मिक र पर्यटकीय क्षेत्रका रूपमा एकैपटक विकास गर्ने प्रयासमा रहेका देखिन्छन् । यहाँ दृश्यावलोकनका लागि टावर र विश्राम घर पनि छ । जेफालेको फेदीबाट टावरसम्म पुग्नका लागि पक्की सिंडी बनाइएको छ ।

त्यसैगरी बिहीबारेमा ७ वटा घरहरूमा होम स्टे (घरबास) सुविधा उपलब्ध छ । त्यहाँ एक रातमा २५ जनासम्म पाहुनाहरूका लागि खाने, सुत्ने र बस्ने सुविधा उपलब्ध छ । यस क्षेत्रको आसपासमा मगर र लिम्बू समुदायका मानिसहरूको बसोवास बढी छ । यहाँका वासिन्दा पर्यटकहरू घुमफिर गर्न आएमा भर्नाच र धान नाच नाचेर स्वागत गर्दै मनोरञ्जन दिलाउन सिपालु छन् ।

# जेफाले एकीकृत पर्यटकीय क्षेत्र





# जाल्पादेवी मन्दिर राङ्चा

केराबारी गाँउपालिकाको केन्द्र केराबारी बजारदेखि पश्चिम मदन भण्डारी राजमार्ग हुँदै केराबारी ५ शान्ति चोकदेखि करिब एक किलोमिटर उत्तर सालधारी सामुदायिक वनसँगै जालपादेखि मन्दिर पर्यटकीय क्षेत्र छ । यो क्षेत्रमा मानव बस्ती बस्न थालेको बेलामा पानीको मूल थियो । त्यहाँ नुहाई धुवाई गर्ने वा फोहोर गरेको खण्डमा बस्तीमा बाघ आएर क्षति गर्ने गरेको सुनिंदै आएको स्थानीयको भनाइ छ । यस्तो घटनाहरू बढेपछि उक्त स्थानमा देवीथानको स्थापना गरी सोही बेलादेखि नै पूजाआजा गर्ने चलन चलेको भनाई छ । हाल त्यस स्थानमा सबै धर्मावलम्बीहरूले पूजाआजा गर्ने गरेको र सबैको आस्थाको केन्द्रको रूपमा छ ।

# राम पोखरी

राम पोखरी केराबारी गाउँपालिकाको केन्द्रदेखि उत्तरमा रहेको पर्यटकीय क्षेत्र हो । केराबारी सिंहदेवी सामेवा सडक खण्डको भोगटेनी भन्दा केही अगाडिबाट उक्त सडकलाई छोडेर २ किलोमिटर पश्चिम रामपुर सामुदायिक बन क्षेत्रमा यो पोखरी अवस्थित छ । केराबारी बजारबाट १४ किलोमिटर टाढा रहेको यस क्षेत्रको यात्रा गर्न सार्वजनिक सवारी साधन त्यति भरपर्दो नभए पनि निजी साधनको प्रयोग गरी पुग्न सकिन्छ।

ऐतिहासिक रूपमा यो क्षेत्र त्रेता युगसम्म जोडिएको देखिन्छ । प्रचलित मान्यता अनुसार बनवासको बेलामा सीता, राम, लक्ष्मण र हनुमान यस स्थानमा आइपुग्दा अति गर्मी भएको थियो । सीतालाई प्यास लागेकाले रामले मन्त्र उच्चारण सहित हानेको वाँणबाट यस पोखरीको उत्पत्ति भएको हो भन्ने किम्वदन्ती छ ।

यस पोखरीमा भैसीलाई जान दिइँदैन । थाहा नपाइ कुनै भैंसी पोखरीमा गएर आहाल बसेमा बिरामी हुने गरेको स्थानीय बताउँछन् । बुढापाकाहरूका अनुसार एकजना सुब्बा थरका मानिसले भैंसी काटेर बाँकी रहेको फोहोर र लिदी त्यस पोखरीमा फ्याँलेदेखि पानी सुक्न थालेको हो भन्ने भनाई छ । प्राकृतिक रूपमा यो स्थान रमणीय छ । पोखरीको डिलबाट दक्षिणतर्फ केराबारी गाउँपालिकाको केन्द्र केराबारी बजार, बेलबारी र सुन्दर हरैंचाको बिराटचोक बजार अवलोकन गर्न सकिन्छ ।




# ताम झरना

गाउँपालिकाको मुख्य केन्द्रदेखि पश्चिम खदम खोला तरेर मुगु हुँदै ६ किलोमिटर पक्की र बाँकी ७ किलोमिटर कच्ची सडक पार गर्दै नर्कटे भएर चिउरी भन्ज्याङ्गसम्म करिब १३ किलोमिटर यात्रा गर्नु पर्दछ । यसैगरी याङ्गशिलाको आँपटारदेखि टाकुरे हुँदै करिब ५ किलोमिटर कच्ची सडकको यात्रा गरेपछि चिउरी भन्ज्याङ्ग पुग्न सकिन्छ ।

२०२५ सालतिर यस क्षेत्रमा तामा जस्तो लेदो खनिज पदार्थ निस्कने गर्दथ्यो । त्यसबेला पानी समेत हरियो हुने गरेको कुरा अग्रजहरूको भनाई छ । भनिन्छ, यस ठाउँमा खनिज पदार्थको खोज र अनुसन्धान गर्न विदेशीहरू आएका थिए र तिनीहरूले त्यहाँको खनिज पदार्थ लगेको कारण त्यहाँको पानी हरियो हुन छाडेको हो । तामाको भाँडामा पानी राख्दा हुने प्रतिक्रियाका कारण त्यस ठाउँको नाम तामा झरना हुन गएको मानिन्छ ।

पहाडी भूभागको मनोरम र चारैतिर जंगलले घेरिएर रहेको मनमोहक स्थानमा रहेको झरना आफैंमा अनुपम सुन्दरताले भरिपूर्ण छ । त्यसैगरी जैविक विविधता, अनेक प्रजातिका चरा चुरूङ्गी, जंगली जनावरहरू, सदाबहार तथा पतझडा मिस्रि त जंगल यस क्षेत्रको पर्यटकिय महत्वका पक्ष हुन् ।






# मगर संग्रहालय

मगर संग्रहालय र भोगटेनी पर्यटकीय क्षेत्र गाउँपालिकाको केन्द्र केराबारीदेखि करिब ८ किलोमिटर उत्तरमा पर्छ । केराबारी-समेवा खडक खण्डमा पर्ने यो पर्यटकीय क्षेत्र ट्रेकिङ्ग र हाइकिङ्ग गरेर करिब तीन घण्टामा पुग्न सकिन्छ । वडा नम्बर ३ मा रहेको यो संग्रहालय जान सार्वजनिक यातायात उपलब्ध भए पनि त्यति भरपर्दो भने छैन । निजी साधन प्रयोग गरेर सहजै पुग्न सकिन्छ ।

भोगटेनी पर्यटकीय क्षेत्र ऐतिहासिक रूपमा मगर समुदायको बसोवास क्षेत्रका रूपमा परिचित छ । ३ हजार २ सय ५० फिट देखि ३ हजार ३ सय फिटसम्मको उचाईमा रहेको यो स्थान रमणीय पर्यटकीय गन्तब्यका रूपमा छ । प्राकृतिक सुन्दरता, जैविक विविधता र मगर जातिको बसोवासको क्षेत्रको रूपमा रहेको हुँदा यस पर्यटकीय क्षेत्रले दृश्यावलोकन, सुन्दरता, जैविक विविधताको र सांस्कृतिक पर्यटनको दरिलो सम्भावना बोकेको छ ।

यहाँ बन्न लागेको मगर संग्रहालय यस क्षेत्रको पर्यटन विकासका लागि कोसे ढुङ्गाको रूपमा रहने निश्चित छ । विस्तृत परियोजना प्रस्ताव स्वीकृत भई प्रदेश १ सरकारबाट संग्रहालय निर्माणाधीन अवस्थामा छ । यस संग्रहालयले पूर्वी भेगमा भएका मगर समुदायको रीतिथिति, भेषभुसा, कला साहित्य, भाषा संस्कृति खानपानका जस्ता विषयहरूमा पर्यटकहरूलाई यथेस्ट जानकारी प्रदान गरी पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ ।

मगर संग्रहालय रहने स्थानबाट उत्तरतर्फ महाभारत पर्वत शृंखलाको अबलोकन गर्न सकिन्छ भने दक्षिणतर्फ तराईको समतल भूभाग सहजै अवलोकन गर्न सकिन्छ ।

स्केच फोटो

# केराबारी भ्यू



केराबारी भ्यू गाउँपालिकाको केन्द्रदेखि ३ किलोमिटर उत्तरमा अवस्थित पर्यटकीय क्षेत्र विकासको सम्भावित स्थलका रूपमा छ । ट्रेकिङ् र हाइकिङ् रूचाउने पर्यटकहरूलाई सो स्थानसम्म पुग्न लगभग १ घण्टा लाग्छ । केराबारी सिंहदेवी समेवा सडक खण्डमा पर्ने यो स्थल केराबारी गाउँपालिकाको केन्द्रदेखि पहुँचका हिसाबले सबैभन्दा कम दूरीमा रहेको क्षेत्र हो । निजी सवारी साधन प्रयोग गरी यस स्थानसम्मको यात्रा गर्न सकिन्छ ।

यो स्थान जैविक विविधता र दृश्यावलोकनका लागि महत्वपूर्ण क्षेत्रका रूपमा रहेको छ । केराबारी गाउँपालिकाको केन्द्रबाट मात्र १० मिनेटको यात्रा गर्दा तराईको फाँट, चारकोशे झाडी, पश्चिममा खदम खोला र दक्षिणमा केराबारी बजारको दृश्यावलोकन गर्न सकिने यो स्थान प्राकृतिक रूपमै सुन्दर छ । बिस्तारै यो क्षेत्र धार्मिक आस्थासँग पनि जोडिंदै विकसित हुन पुगेको छ । यहाँ निर्माण भएको किरात सत्याहाङ् मन्दिरले किरात धर्मावलम्बीलाई समेत आकर्षित गर्ने देखिन्छ ।



# चिउरी भन्ज्याङ्ग

यो ठाउँ पुग्नका लागि केराबारी गाउँपालिकाबाट करिबब १३ किलोमिटर दूरी तय गरेपछि वडा नम्बर ४ को केन्द्र चिउरी भन्ज्याङ्ग पुग्न सकिन्छ । वडाको केन्द्रको रूपमा रहेको चिउरी भन्ज्याङ्ग आफैंमा सुन्दर र आकर्षक पर्यटकीय स्थान बन्ने सम्भावना छ । पर्यावरणीय र प्राकृतिक रूपमा बाह्रैमास चिसो मौसमका कारण धेरै आगन्तुकहरूको मन लोभ्याउन सक्ने देखिन्छ । यसैको वरिपरी अन्य पर्यटकीय स्थानहरूको विकास र प्रबर्द्धन गर्न सकिने सम्भावना छ ।

यस क्षेत्रको महत्व मूलत पर्यावरणीय पर्यटन हो । अध्ययन अनुसन्धान लगायत प्राकृतिक सौदर्न्यता, दृश्यावलोकन, पदयात्राको महत्व बढाउन सकिनेछ । चिउरी भन्ज्याङ्लाई केन्द्रविन्दु बनाएर यहाँ रहेका वरिपरिका पर्यटकीय स्थानको तोपथुम्की डाँडा, शैलुङ गुम्बा, सप्तकन्या गुफा, चनौटे ढुंगा, सिद्धथुम्की डाँडा लगायतका क्षेत्रहरुको प्रबर्द्धन गर्न सकेमा यो क्षेत्र निकै महत्वपूर्ण पर्यटकीय गन्तव्य बन्नेछ । प्राकृतिक सौन्दर्यताको धनी यो क्षेत्र जैविक विविधता प्रचुर सम्भावना भएको ठाउँ हो । यस ठाउँबाट धनकुटाको पर्यटकीय स्थान ओख्रे, नाम्जे, राजरानीलगायत स्थानसम्म सहजै पुग्न सकिन्छ ।

# बिमिरे सिमसार

केरावारी गाउँपालिका ६ नम्बरवडामा पर्ने बिमिरे सिमसार बरिपरी डाँडाले घेरेको बीचमा पोखरी रहेको स्थान भएको हुनाले आकर्षक छ । सिमसार क्षेत्रमा जंगलबाट पानीको मूल फुटेर आएको छ । यहाँ विभिन्न जातका चराचुरुङ्गीहरु छन् । तिनीहरु यहाँको सिमसार छेउछाउमा बसेर रमाउँछन् । फुल पार्ने तथा बच्चाबच्ची हुर्काउने गरी चैत बैशाख महिनासम्म त्यसै स्थान वरपर रम्ने गर्दछन् । सिमसार क्षेत्रमा अनेक प्रकारका जडिबुटी, वनस्पति र वन्यजन्तु तथा चराचुरुङ्गी पाइन्छन् । यस क्षेत्रमा पैदलमार्ग र सेडहरु बनाउन सके पर्यटकलाई आकर्षण गर्न सकिन्छ ।





# सप्तकन्या गुफा

केराबारीको सप्तकन्या गुफा पुग्नका लागि याङशिलाको आँपटारबाट साना सवारी साधनमा करिब १ घण्टाको उकालो यात्रा गर्नुपर्छ । नरकट्टे र चिउरीभन्ज्याङ हुँदै, चनौटे भन्ने गाउँमा पुगेपछि लगभग ३० मिनेट जति पैदल ओरालो झर्दा सप्तकन्या गुफा नजिकैको कोप्चे खोलाको मुहान पुग्न सकिन्छ । यसै कोप्चे खोलाको भीरमा सप्तकन्या गुफा पर्छ । यहाँको यात्रा गर्दा बाटोमा पर्ने आँपटार, नरकट्टे र चिउरी भन्ज्याङका पसलहरूमा खान र बस्नका लागि सुविधा पाउन सकिन्छ । पदयात्रीहरूले चनौटेको बाटो प्रयोग गरी पाटी गाउँको सामलामा अवस्थित महादेव-पार्वती गुफासम्म पुगेर धनकुटाको डाडाँबजारतिरबाट पनि भेडेटार हुँदै यतातिर फिर्न तथा त्यतैतिरबाट यस स्थानसम्म पुग्न सकिन्छ । तर यो बाटोभन्दा याङशिलाको बाटो केही छोटो र सुविधायुक्त छ ।

पहरोमा लेउले हरियै भएको सप्तकन्या गुफाको आकृति हेर्दा अनौठो लाग्दो छ । स्थानीयवासीको भनाई अनुसार यस गुफामा सातवटी देवीको वास रहेकाले सप्तकन्या गुफा भनिएको हो । यो गुफामा विभिन्न प्रकारका दियो, घण्टी, मादल र देवीको आकृति देख्न सकिन्छ । स्थानीय मानिसहरू यस गुफामा नवदुर्गाको बास रहेको विश्वास गर्छन् । गुफामा लेउले ढाकिएको हुँदा पस्न निकै चुनौतिपूर्ण छ । यहाँ याङशिलावासीहरू भाकल मन्साउन कहिलेकाहिँ आउने जाने गर्दछन् ।

# साङ्गे नाङसाल शैलुङ गुम्बा



साङ्गे नाङसाल शैलुङ गुम्बा पुग्नको लागि केराबारी गाउँपालिका लामिटार हुँदै करिबब ११ किलोमिटर दूरी पार गर्नुपर्छ । पैदल यात्रा गर्दा डेढ घण्टा लाग्छ । केराबारी गाउँपालिका वडा नम्बर ४ मा पर्ने यस क्षेत्र गुम्बा क्षेत्रको वरिपरिको मनोरम प्राकृतिक वातावरणको कारण पर्यटकीय गन्तव्य हुन सक्छ । प्राकृतिक तथा पर्यावरणीय दृष्टिकोणले निकै मनमोहक क्षेत्र भएको हुँदा यहाँबाट तराई र पहाडको दृश्यावलोकन गर्न सकिन्छ । गर्मी मौसममा तराईबाट सितलमा रमाउन आउने आगन्तुकहरूलाई लोभ्याउन सक्ने वातावरण यहाँ छ । यो गुम्बा बौद्धधर्मावलम्बीहरूको लागि जति आस्थाको केन्द्र छ त्यतिनै प्राकृतिक रूपमा सौन्दर्य पनि छ ।

# चौकी डाँडा (थाम डाँडा)




चौकी डाँडा केराबारी गाउँपालिकाको केन्द्र केराबारी बजारबाट करिब ६ घण्टाको पैदल यात्रा गरेर पुग्न सकिन्छ । यहाँसम्म सडकको ट्रयाक खोल्ने काम भइसकेको छ । तर सार्वजनिक यातायात सञ्चालन हुने अवस्थामा छैन । केराबारीदेखि धरान र भेडेटार हुँदै धनकुटाको डाँडाबजारसम्म ५० किलोमिटरको यात्रामा सार्वजनिक यातायात प्रयोग गर्न सकिन्छ । डाँडाबजारको दक्षिणतर्फ रहेको चौकीडाँडा भने डाँडाबजारबाट करिब ४५ मिनेटको पैदल यात्रापछिं पुग्न सकिन्छ । चौकी डाँडा धनकुटाको साँगुरीगढी गाउपालिका र केराबारीको सिमानामा पर्ने पर्यटकीय हो ।

चौकी डाँडा ऐतिहासिक दृष्टिले महत्वपूर्ण छ । यो अंग्रेजहरूसँगको लडाईसँग जोडिएको मान्यता छ । यहाँ ठूल्ठूला ढुङ्गाहरूको पर्खाल अबशेषका रूपमा अझै पनि देख्न सकिन्छ । यो डाँडा जैविक विविधताको हिसाबले पनि महत्वपूर्ण छ ।

धनकुटाको ध्वजे डाँडासँगै पूर्वमा रहेको यो डाँडा समुद्र सतहदेखि करिब ६५८४ फिटको उचाईमा छ । यस भेगबाट पूर्वका १६ वटै जिल्लाको दृश्य देखिनुका साथै मकालु, कुम्भकर्ण र कन्चनजङ्घा हिमालको दृश्यसमेत देख्न सकिन्छ । सूर्योदयको दृश्यावलोकनका लागि समेत यो स्थान लोकप्रिय छ ।

# महादेव पार्वती गुफा

केराबारीदेखि ६ किलोमिटर उत्तर पश्चिममा महादेव पार्वती गुफा अवस्थित छ । केराबारी पाटी सडक खण्डमा पर्ने यो क्षेत्र केराबारी बजारको पश्चिमतिरबाट खदम खोलाको किनारैकिनार करिब डेढ घण्टाको उकालो हिँडेपछि वडा नम्बर ७ को फेदी भन्ने सानो गाउँ भेटिन्छ, जुन गाउँलाई दोभान पनि भन्ने गरिन्छ ।

दोभानबाट करिब २ घण्टाको उकालो चढेपछि सामला भन्ने अर्को सानो गाउँमा पुग्न सकिन्छ । त्यहाँबाट करिब ३० मिनेटको ओरालो झरेपछि सुन्दर र रहस्यमय महादेव-पार्वती गुफामा पुग्न सकिन्छ । त्यहाँ पुग्न अर्को बैकल्पिक मार्गको रूपमा धनकुटाको डाडाँबजारको बाटो पनि प्रयोग गर्न सकिन्छ । त्यहाँबाट थामडाँडा हुँदै यो स्थानसम्म पुग्न करिब ३ घण्टाको पैदल ओरालो बाटो हिँड्नु पर्छ ।

यस गुफाभित्र माहदेव-पार्वतीको आकृतिका साथै अन्य विभिन्न प्रकारका देवीदेवता र जनावर तथा जस्ता वस्तुहरूका आकृतिहरू संगमरमरले सजिएको जस्ता देखिन्छन् । बाह्रै मास एकैनासे पानी झरिरहने हुँदा गुफाभित्र गर्मीको अनुभव हुँदैन । त्यहाँ प्रचलित किम्बदन्तीअनुसार परापूर्व कालमा भगवान ब्रम्हालाई राक्षसहरूले खान खोजेछन् । त्यसपछि सबै देवताहरू डराएर उक्त ठाउँमा लुकेका थिए भन्ने स्थानीय बासिन्दाको भनाई छ ।

गुफासम्म पुग्न सिँढी चढ्दै जाँदा देब्रेपट्टि अर्को एउटा सानो गुफाको आकृति छ, जहाँ पूजा गरेरमात्र प्रमुख गुफाभित्र प्रवेश गरिन्छ । गुफाको मुख निकै सानो छ, जसमा एक पटकमा एक जनाभन्दा बढी मानिसहरू भित्र पस्न गाह्रो हुने गर्दछ । गुफा भित्रको क्षेत्रफल करिब दश वर्गफिट छ ।



# किराँतेश्वर हाङसाम फाल्गुनन्द माङसिम

किराँतेश्वर हाङसाम फाल्गुनन्द माङसिम केराबारी गाउँपालिकाको केन्द्र देखि १ नम्बर वडाको केन्द्र करिब २२ किलोमिटर उत्तर र वडाको केन्द्रदेखि लगभग ३ किलोमिटर पश्चिममा पर्दछ । यहाँ जान निजी सवारी साधन प्रयोग गर्न सकिन्छ तर त्यो बाह्रैमास सम्भव छैन । अर्कोतर्फ केरावारी गाउँपालिकाको केन्द्रबाट ७ घण्टाको पैदल यात्रागरी यस स्थानसम्म पुग्न सकिन्छ ।


त्यसैगरी वैकल्पिक मार्गको रूपमा धरान भेडेटार ओखे हुँदै रवि सडकको १२ किलोमिटर यात्रापपछि डाँडाबजार र त्यहाँबाट १ किलोमिटर पूर्वबाट छुट्टिने पाटी गाउँ सडक खण्डको करिब ८ किलोमिटर दक्षिण १ नम्बर वडाको केन्द्र पाटी बजार पुग्न सकिन्छ । पाटीबाट करिब ४५ मिनेट पश्चिम पैदल यात्रा गरेपछि यस स्थानमा पुग्न सकिन्छ । किराँत दर्शनअनुसार दैनिक रूपमा विश्व शान्ति तथा मानव एकताको निमित्त अखण्ड धुनी, अखण्ड दीप प्रज्वलन र पूजाआजा भइरहेको छ ।



# बाघ दुलो

बाघ दुलो केराबारी गाउँपालिकाको केन्द्रदेखि उत्तर हुँदै बेलबोटे दोभान समला हुँदै १ नम्बर वडाको केन्द्र करिब २२ किलोमिटर उत्तर वडाको केन्द्रमै अवस्थित रहेको पर्यटकीय क्षेत्र हो । ट्रेकिङ्ग र हाइकिङ्ग रूचाउने पर्यटकका लागि केराबारी गाउँपालिकाको केन्द्रबाट उत्तर ६ घण्टाको पैदल यात्रागरी यस स्थानसम्म पुग्न सकिन्छ । त्यसैगरी बैकल्पिक मार्गको रूपमा धरान भेडेटार ओखे हुँदै रवि सडकको १२ किलोमिटर यात्रापछि डाँडाबजार र त्यहाँबाट १ किलोमिटर पूर्वबाट छुट्टिने पाटी गाउँ सडक खण्डको करिब ८ किलोमिटर दक्षिण पाटी बजारको नजिकै यो पर्यटकीय क्षेत्रमा पुग्न सकिन्छ ।

पहिले यस गुफामा एउटा बाघ बस्ने गरेको र त्यसले सो स्थानबाट आवतजावत गर्ने जंगली जनावर र मानिस समेतलाई घात लगाएर सिकार गर्ने गरेको हुँदा त्यस गुफाको नाम बाघ दुलो रहन गएको हो भन्ने मान्यता पाइन्छ । पहिले सो गुफा १०० मिटरसम्म लामो रहेको र त्यसमा मानिसहरू सहजरूपमा आवत जावत गर्ने गर्दथे। पछि गाई बाखा चराउने गोठाला र बालबालिकाहरू त्यस गुफाभित्र छिरेर खेल्ने र दुर्घटनामा पर्ने गर्न थालेदेखि त्यसको दुलो टालिएको थियो। हाल गुफाको मुखबाट १० मिटर भित्रसम्म मात्र जान सकिने अवस्था छ । मगर समुदायले विशेष पूजाआजा गर्ने र धार्मिक आस्था समेत यस ओडारसँग जोडिएको हुँदा यसको आफ्नै महत्व छ ।



# नाम्दीङगोरी झरना

नाम्दीङ्गोरी झरना केराबारी गाउँपालिकाको केन्द्रदेखि उत्तर हुँदै बेलबोटे दोभान समला हुँदै करिब २२ किलोमिटर उत्तर वडाको केन्द्र पाटी बजारदेखि ३ किलोमिटर पुवखोलामा अवस्थित छ । ट्रेकिङ्ग र हाइकिङ्ग रूचाउने पर्यटकका लागि केराबारी गाउँपालिकाको केन्द्रबाट उत्तर ६ घण्टाको पैदल यात्रा गरी वडाको केन्द्रसम्म र त्यहाँबाट करिब १ घण्टा पूर्वको यात्रापछि यस स्थानसम्म पुग्न सकिन्छ । वैकल्पिक मार्गका रूपमा धरान भेडेटार ओखे हुँदै रवि सडकको १२ किलोमिटर यात्रापछि डाँडाबजार र त्यहाँबाट १ किलोमिटर पूर्वबाट छुट्टिने पाटी गाउँ सडक खण्डको करिव ८ किलोमिटर दक्षिण १ नब्र वडाको केन्द्र पाटी बजार पुगेर करिब १ घण्टाको पैदल यात्राबाट यो झरनामा पुग्न सकिन्छ । ६ सय मिटरको अन्तरमा सानाठूला गरी ७ वटा झरना छन् । यहाँको एउटा विशेषता छ, त्यो के हो भने प्राकृतिक रूपमा घाम र पानी एकैपटक पर्दा कहिलेकाँहि घटित हुने तर घाम लागेको समयमा यहाँ भने सामान्य दिनमै देख्न सकिन्छ । त्यो इन्द्रेणी तिनै सातवटा झरनाहरूबाट बगेको पानी चट्टानमा ठोक्किएर पानीका सानासाना कणहरूमा विभाजित भई बायुमण्डलमा छरिने र ती कणहरूमा सूर्यको प्रकाश आवर्तित र परावर्तित भइ देखिने घटना हो । त्यसैले यस झरनालाई इन्द्रेणी झरनाको नामले पनि चिनिन्छ ।





इन्द्रेणी झरनालाई गहिरो गरी बुझ्ने हो भने यो एउटा बहुमूल्य प्राकृतिक संयोग हो । अर्थात झरना एउटा पर्यटकीय महत्वको हो भने झरनाहरूको समूहले निर्माण गर्ने इन्द्रेणी अर्को पर्यटकीय आकर्षणको बस्तु हो । त्यसबाहेक पहाडी भूभागको मनोरम र चारैतिर जंगलले घेरिएर रहेको मनमोहक स्थानमा रहेका भरनाहरूको समूह आफैंमा अनुपम सुन्दरताले भरिएको क्षेत्र हो । त्यसैगरी जैविक विविधता, अनेक प्रजातिका चराचुरुङ्गी, जंगली जनावरहरू, सदाबहार तथा पतझड मिस्रित जंगल यस क्षेत्रको पर्यटकीय महत्वका विषय हुन् ।



# सप्तकन्या गुफा

केराबारी गाउँपालिका वडा नम्बर ४ मा रहेको सप्तकन्या गुफा पुग्नका लागि याङशिलाको आँपटारबाट साना गाडीहरूमा करिब १ घण्टाको उकालो यात्रा गर्दै नरकट्टे र चिउरीभन्ज्याङ हुँदै, चनौटे भन्ने गाउँमा पुग्न सकिन्छ । चनौटे गाउँको सानो बस्तीबाट लगभग ३० मिनेट पैदल ओरालो झरेपछि कोप्चे खोलाको मुहान पुग्न सकिन्छ । यसै कोप्चे खोलाको भीरमा सप्तकन्या गुफा पर्दछ ।

यहाँको यात्रा गर्दा बाटोमा पर्ने आँपटार, नरकट्टे र चिउरी भन्ज्याङका पसलहरूमा खान र बस्नका लागि सुविधा पाउन सकिन्छ । पदयात्रीहरूले चनौटेको बाटो प्रयोग गरी पाटी गाउँको सामलामा अवस्थित महादेव-पार्वती गुफासम्म पुगेर धनकुटाको डाँडाबजारबाट भेडेटार हुँदै यतातिर फिर्न तथा त्यतैतिरबाट यस स्थानसम्म पुग्न पनि सकिन्छ । याङशिलाको बाटो भने केही छोटो र सुविधायुक्त छ ।

पहरोमा लेउले हरियै भएको सप्तकन्या गुफाको आकृति अनौठो लाग्दो छ । स्थानीयको भनाईअनुसार यस गुफामा सातवटी देवीको वास रहेकाले सप्तकन्या गुफा भनिएको हो । यो गुफामा विभिन्न प्रकारका दियो, घण्टी, मादल र देवीको आकृति देख्न सकिन्छ । स्थानीय मानिसहरू यस गुफामा नवदुर्गाको बास रहेको विश्वास गर्छन्। लेउले ढाकिएको हुँदा गुफाभित्र पस्न निकै चुनौतीपूर्ण छ । यहाँ याङशिलावासीहरू भाकल मन्साउन कहिलेकाहिँ आउने जाने गर्दछन् ।



# तोपथुम्की डाँडा

केराबारी गाउँपालिकादेखि चिउरी भन्ज्याङ्गसम्म करिब १० किलोमिटर र त्यहाँबाट पश्चिम करिब १ दशमलव ५ किलोमिट दूरी पार गरेर पुग्न सकिन्छ । यो केराबारी गाउँपालिका वडा नम्बर ४ मा पर्छ । विजयपुर राज्यको पूर्वी किल्लाको रूपमा ऐतिहासिक महत्व बोकेको यो क्षेत्रबाट धरानलगायत तराईको मनोरम दृश्यावलोकन गर्न सकिने क्षेत्र हो ।

२०४५ सालको भूकम्प अघि यो क्षेत्रमा तोपको आकार दुई ढुंगा रहेकोमा त्यतिबेला तोपको आवाज घरिघरि आउने गर्दथ्यो भन्ने भनाई छ । नयाँ बेहुलाबेहुली यस क्षेत्रबाट आउँदा जाँदा अनर्थ हुने किबदन्ती समेत छ । यसैगरी यहाँका ढुंगाको चेपमा कपडा जल्ने भनाई पनि छ ।

प्राकृतिक तथा पर्यावरणीय दृष्टिकोणले यो क्षेत्रको महत्व निकै छ । डाँडाको चुचुरोबाट समग्र तराईका भूभागहरू नियाल्नसकिन्छ । विविध प्रकार वनस्पति तथा जीवजन्तुहरूको वासस्थान रहेको यो क्षेत्र आफैंमा पर्यटक लोभ्याउने किसिमको छ । बिहानको समयमा सूर्योदय र बेलुका सप्तकोशी नदी क्षेत्रमा देखिने सूर्यास्तको दृश्य मनमोहक हुने गर्छ ।

यस क्षेत्रको वृहत विकास र प्रबर्द्धनका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण भइरहेको छ । डाँडाको चुचुरोसम्म पुग्नका लागि ढुंगाको सिँढी निर्माणको काम गाउँपालिकाबाट हुँदै गरेको छ ।

# चनौटे ढुँगा



केराबारी गाउँपालिकादेखि लामिटार हुँदै करिब ११ किलोमिटर यात्रापछि यो ठाउँ पुग्न सकिन्छ । पैदल यात्राबाट झण्डै १ घण्टा ४५ मिनेट समय लाग्न सक्छ भने सानो सवारी साधनबाट १ घण्टाको यात्रापछि पुग्न सकिन्छ । यो केराबारी गाउँपालिका वडा ४ मा पर्छ ।

चुरे क्षेत्रभन्दा केही माथिल्लो क्षेत्रमा पर्ने यो स्थानमा प्राकृतिक रूपमा मनोरम भएको हुँदा पर्यटकीय गतिविधि बढ्न सक्ने सम्भावना प्रशस्त छ । करिब ४ फिटको उचाई भएको र १० धुर क्षेत्रफलमा फैलिएको यो चनौछे ढुँगाको क्षेत्रलाई अझै सुन्दर र आकर्षक बनाउन सकिन्छ ।

यो ठाउँमा देवीथान समेत छ । वरिपरि प्राकृतिक रूपमा मनोरम रहेको साथै जैविक विविधता र जंगली वन्यजन्तुहरू अध्ययन अवलोकनको सम्भावना छ । यही चनौटे ढुँगाको नामबाट साविक याङ्गशिला गाविसको नाम राखिएको हो भन्ने भनाई छ ।

# राजारानी धार्मिक पर्यटकीय क्षेत्र


यो ठाउँ गाउँपालिकाको केन्द्रदेखि करिब १० किलोमिटर पश्चिम उत्तरमा पर्दछ । यहाँ पुग्नका लागि वडा नम्बर ६ र ७ हुँदै धरान उपमहानगरपालिकाको ६ नम्बर वडाबाट पायक पर्दछ । यो क्षेत्र केराबारी गाउँपालिका वडा नम्बर ५ मा पर्छ । परापूर्वकालमा राजारानीको बसोबास भएकोले यस ठाउँको नाम राजारानी रहेको भनाई छ । चुरेक्षेत्रको डाँडाको टाकुरामा थपक्क बसेको यो ठाउँ प्राकृतिक एवं साँस्कृतिक रूपमा निकै सुन्दर छ ।

लिम्बु जातिको बाहुल्य रहेको यो ठाउँमा अन्य जातजातिको समेत समिश्रण रहेको छ । मनोरम, शान्त, चिसो हावापानी र प्राकृतिक सौन्दर्यले भरिपूर्ण हुनुका साथै जंगली जीवजन्तुहरू मृग, हरिण, मयूर, बादर र विभिन्न चराचुरुङ्गीहरू पाइन्छ । जैविक विविधताले भरिपूर्ण रहेको राजारानी क्षेत्र आफैंमा आकर्षक छ । गाउँपालिकाले यो क्षेत्रमा गत वर्ष सडकको ट्र्याक खोल्ने काम गरेको छ । व्यावसायिक कृषि पेशामा अग्रसर यहाँका बासिन्दालाई अर्गानिक खेतीमा आकर्षण गराए कृषिउजबाट उच्चतम लाभ लिन सकिने अवस्था छ । यहाँबाट सिक्टी जंगल हुँदै धरान उपमहानगरसम्मको यात्रा रोमाञ्चक हुन्छ ।

# सिक्टी सामुदायिक पदमार्ग

राजारानी सिक्टी सामुदायिक पदमार्ग केराबारी गाउँपालिकाको वडा ५ को पश्चिमी क्षेत्रमा पर्छ । गाउँपालिकाको केन्द्र केराबारी बजारबाट वडा ७ , ६ हुँदै करिब १० किलोमिटर पश्चिमोउत्तर पर्छ । धरान उपमहानगर ६ नम्बर वडाबाट पैदल २ घण्टाको दुरीमा यो स्थान पर्दछ । केरावारी गाउँपालिकाको वडा ५ को पश्चिमी क्षेत्रमा रहेको राजारानी गाउँको उत्तरपट्टिको रातमाटे डाँडाबाट तराईको र धरानको दृश्यावलोकनसँगै पश्चिमपट्टिको राजारानी सामुदायिक बनको दृश्यावलोकन गर्न सकिन्छ ।

राजारानी हुँदै धरान, इटहरी, विराटनगरका पदयात्रीहरूलाई यस क्षेत्रले आकर्षित गर्न सक्ने प्रवल सम्भावना देखिन्छ । शरीरलाई व्यायामको माध्यमले सन्तुलित राख्न साथै प्रकृतिको सामिप्यता प्राप्त गर्नका लागि सहरी क्षेत्रमा बसोवास गर्ने मानिसहरूका लागि पदयात्रामा निस्कने उपयुक्त स्थान यो हो ।



# गोकुलेटार पर्यटकीय क्षेत्र

गोकुलेटार पर्यटकीय क्षेत्र केराबारी गाउँपालिकाको केन्द्रदेखि २ किलोमिटर पश्चिम ६ र ७ नम्बर वडाको सिमानामा अवस्थित क्षेत्र हो । यस स्थानसम्म पुग्नका लागि पैदल १ घण्टा र सवारी साधनको प्रयोग गर्दा १० मिनेट लाग्छ ।
यो क्षेत्र वडा ६, ७, ८ र १० बाट नजिक पर्ने भएको हुँदा बालवालिकाको लागि खेल्ने पार्कको रूपमा विकसित गर्न सकिन्छ । पार्कको अर्को भागमा विभिन्न जातजातिका धार्मिक र सांस्कृतिक पक्ष झल्कने संरचनाहरू निर्माण गर्न सकिन्छ । यस स्थानमा खेल मैदान पनि छ । यसलाई व्यवस्थित गर्न सकेको खण्डमा विभिन्न प्रकारका खेलकुद प्रतियोगिता आयोजना गर्न सकिन्छ ।
त्यसैगरी बन्यजन्तु र बोट बिरूवाहरूको संरक्षण तथा आरक्ष स्थलको रूपमा बिकास गर्न सकिन्छ । चारैतिर हरियाली र बीचमा मैदान भएको यो क्षेत्र रमणीय छ । यस स्थनामा पार्क वा धार्मिक सांस्कृतिक संरचनाहरू निर्माण गर्न सकेको खण्डमा पर्यटकहरूलाई आर्कषित गर्न सकिन्छ ।

# हात्ती छाँगा गुफा

ट्रेकिङ्ग र हाइकिङ्ग रूचाउने पर्यटकहरूका लागि केराबारी गाउँपालिकाको केन्द्रबाट उत्तर स्थानमा रहेको यो स्थान उपयुक्त हुन्छ । गाउँपालिकाको केन्द्रदेखि पश्चिममा रहेका वडा ५ र ४ हुँदै कबिर ६ घण्टाको पैदल यात्रापछि केराबारी वडा नम्बर १ मा रहेको यो स्थान पुग्न सकिन्छ । धरान-भेडेटार हुँदै रवि सडकको ८ किलोमिटर यात्रा गरेपछि साँगुरीगढी गाउँपालिकाको ओखे बजार पुग्न सकिन्छ । त्यहाँबाट करिब ३० मिनेट दक्षिण पैदल यात्रा गरेपछि यो पर्यटकीय स्थल पुग्न सकिन्छ ।
जनश्रुति अनुसार पहिले उक्त स्थानबाट हात्ती झरेर मरेको हुनाले नाम हात्तीछाँगा गुफा भनेर राखिएको हो । यो स्थानमा अझै पनि ओढार जस्ता साना दुलाहरू छन् । तिनमा विभिन्न प्रकारका जंगली जनावर बस्ने गरेको पाइन्छ। यो गुफा स्थानीय समुदायको धार्मिक मूल्य र मान्यतासँग गाँसिएको छ ।
पहिले पहिले यस स्थानमा पूजाआजा हुने गरेको पाइन्छ । यसले धार्मिक आस्था राख्ने पर्यटकहरूलाई आर्कषित गर्न सक्ने देखिन्छ भने अर्कोतर्फ गुफा अन्वेषण आफैंमा साहसिक पर्यटनको क्षेत्रमा पर्ने भएकाले अरू खालका पर्यटकका लागि समेत यो स्थान आर्कषण बन्न सक्छ । अध्ययनको केन्द्र हुन सक्दछ । एउटा गुफाको दुलोबाट छिरेर अर्को गुफामा पुग्न सकिने यसको अनौठो विषेशता छ ।

# धुस्कुटे सामुदायिक घरबास

धुस्कुटे सामुदायिक घरबास (होम स्टे) केराबारी गाउँपालिका वडा ५, साबिक याङ्गसिला ८ मा पर्छ । गाउँपालिकाको केन्द्रदेखि १२ किलोमिटर पश्चिम प्रस्तावित मदन भण्डारी राजमार्गबाट करिब ५ किलोमिटर उत्तरमा पर्छ । हाल यस क्षेत्रसम्म सडक ट्रयाक खोलिएको छ तर बाह्रैमास सवारी साधन चलाउन सकिने अबस्थामा भने छैन ।
धुस्कुटे गाउँ सामुदायिक घरबास विकासका लागि सबै प्रकारले उपयुक्त स्थानमा छ । पुरानो बस्तीको रूपमा रहेको यस गाउँमा विभिन्न जात जातिहरूको मिश्रिंत बसोवास छ । मुख्यगरी मगर, राई, लिम्बु र दलित जातिको बसोवास भएको यस क्षेत्रमा मिश्रित संस्कृति र रहनसहन पाइन्छ । जंगल, तराईबाट नजिकै रहेको उचाईको स्थान, दृश्यावलोकन स्थल जस्ता विषेशताले गर्दा यो क्षेत्र घरबासका लागि सम्भावनायुक्त छ ।



# सातपत्रे सिमसार

गाउँपालिका दक्षिण चारकोसे जंगलभित्र देवीझोडा सिरान पश्चिम सिंहदेवी सामुदायिक वन क्षेत्रमा पर्ने यो स्थान पुग्न करिब ५ किलोमिटर दूरी पार गर्नु पर्छ । पूर्वपश्चिम राजमार्गबाट उत्तर शुक्रपथ सडक हुँदै करिब ६ किलोमिटर दूरीमा पर्छ । इतिहास केलाउँदा २०१६ सालतिर यस आसपासमा वस्ती विस्तारसँगै २०२२ सालतिर सिंहदेवी मन्दिर स्थापना गरी पूजाआजा गर्न थालेको पाइन्छ । सिंहदेवीको नामबाट नै सिंहदेवी सामुदायिक वनको नाम र वस्तीको नाम देवीझोडा रहन गएको हो ।
यस क्षेत्रमा अनौठो स-साना चुरे पहाडहरू शृंखलाबद्ध भएर रहेका छन् । सातपत्रे अर्थात पत्रैपत्र जस्तो आकारका देखिने खोल्सी सहितको भूबनोट यहाँको मुख्य विशेषता हो । यसको अवलोकन र अध्ययन गर्नु महत्वपूर्ण हुन सक्छ । जैविक विविधता र प्राकृतिक रूपमा जंगल क्षेत्रमा रहेको यो ठाउँ भिन्न प्रकारको गन्तव्य स्थान बनाउन सकिने देखिन्छ । विभिन्न जातका वनस्पति र चराचुरुङ्गीको बासस्थान रहेको यस क्षेत्रमा बँदेल, हरिण मृग, बाह्रसिंहे, गोहोरो, सालक, मयूर, दुम्सी, धनेश आदि पाइन्छ ।

# सेती झरना

सेती झरना पुग्न केराबारी गाउँपालिकाको केन्द्रदेखि करिब २५ किलोमिटर पश्चिमको यात्रा गर्नुपर्छ । यहाँ पुग्ने सडकको ट्र्याक खोल्ने कार्य भए पनि सार्वजनिक यातायातको सुविधा छैन । तर निजी सवारी साधन प्रयोग गर्न सकिन्छ तर त्यो बाह्रैमास सम्भव छैन । अर्कोतर्फ केराबारी गाउँपालिकाको केन्द्रबाट ७ घण्टाको पैदल यात्राबाट यस स्थानसम्म पुग्न सकिन्छ । त्यसैगरी बैकल्पिक मार्गको रूपमा धरान भेडेटार ओखे हुँदै रवि सडकको १० किलोमिटर यात्रापश्चात ओडारे पुग्न सकिन्छ । ओडारेबाट करिब २ घण्टाको ओरालो पैदल यात्रा गरेपछि यस स्थानमा पुग्न सकिन्छ ।

पहिला एकजना सेते नाम गरेका नामुद सिकारी थिऐ रे । तिनै सिकारी एक दिन सिकार खेल्दै जाँदा झरनाको सिरानमा पुगेका थिए रे । त्यहीँ सिकारको क्रममा घाइते भएको थार नामको जन्तुले लखेट्दै जाँदा ती सिकारीको यही झरनाको सिरानबाट झरेर मृत्यु भएको भन्ने किंवदन्ती पाइन्छ । त्यही झरनाको पूर्वपट्टि बाँदर बस्ने थाकन पनि रहेको हुँदा सेते सिकारी र थकान जोडेर पहिले सो स्थानको नामा सेतेथाकन भएकोमा हाल यसलाई सेती झरनाको रूपमा चिनिने गरिन्छ ।

करिब १५० फिट उचाईबाट दुईवटा धारमा बिभाजित भएर झरनमा बगेको छ । पहाडी भूभागको मनोरम र चारैतिर जंगलले घेरिएर रहेको मनमोहक स्थानमा रहेको झरना आफैमा अनुपम सुन्दरताले भरिपूर्ण छ । त्यसैगरी जैविक विविधता, अनेक प्रजातिका चरा चुरुङ्गी, जंगली जनावरहरू, सदाबहार तथा पतझडा मिस्रि त जंगल यस क्षेत्रको पर्यटकिय महत्वका पक्ष हुन् ।

# आँप गौडा धर्मस्थल

यो ठाउँ पुग्न गाउँपालिकाको केन्द्रबाट करिब ७ किलोमिटर दक्षिण र पूर्वपश्चिम राजमार्गदेखि ५ दशमलव ६ किलोमिटर उत्तरमा पर्छ । यस क्षेत्रको विशेषतामा शिव मन्दिर, माछाराजाको देवीस्थान, रक्तमाला देवीस्थान, वन वासिनीको थान र संसारी देवीस्थान एकै स्थानमा भएको धार्मिक स्थल हो । भनिन्छ, यिनै देवीहरूको संगमस्थल भएकाले वस्तीको नाम देवीझोडा रहेको हो ।

देवी देवताहरुको संगमस्थल भएकाले धार्मिक पर्यटकीय गन्तव्य बन्ने धेरै सम्भावना छ । माछाराजा धेरै शक्तिशाली देवी भएकाले स्थानीयवासीले श्रद्धाका साथ मान्दै आएका छन् । उनको पाठपूजा गर्दा मनोकामना पुरा हुने जनविश्वास छ ।

यस क्षेत्रमा शिवालय मन्दिर, पर्खाल, गेट बनाइएको छ । यहाँ शिव पार्वतीको पूजाआजा गर्ने गरिएको छ । बैशाखे पूर्णिमामा माछाराजा र रक्तमाला देवीथानमा पूजाआजा गरी बोका, कुखुरा र परेवाहरू चढाउने गरिन्छ । त्यसबेला धाँमीझाँक्रीहरू रातभरी पाखामा बस्ने गर्छन् ।

# धरधरे पर्यटकीय क्षेत्र

धरधरे पर्यटकीय क्षेत्र केराबारी गाउँपालिकाको केन्द्रदेखि दक्षिणतर्फ करिब ६ किलोमिटरको दूरीमा छ । चारकोशे झाडीको मुखमा रहेका स्थानसम्म पुग्न सवारी साधन प्रयोग गर्दा केवल १५ देखि २० मिनेट लाग्छ भने पैदल करिब १ घण्टा ३० मिनेट लाग्छ । त्यसैगरी बेलबारी नगरपालिकाको लालभित्तीदेखि देवीझोडा हुँदै केराबारी आउने सडक यो पर्यटकीय स्थलसँगै जोडिएर आउने भएको हुँदा सवारी साधन प्रयोग गरी करिब २० मिनेटमा आउन सकिन्छ ।

धरधरे पर्यटकीय क्षेत्र मूलत जैविक विविधता र सिमसारसँग जोडिएको क्षेत्र हो । स्वच्छ मूलबाट निस्कने जरूवा पानी यहाँको सबैभन्दा ठूलो विषेशता हो । मानिसहरूले पिउनेदेखि घरपालुवा पशुहरू र जंगली जनावरहरूका लागि समेत स्वच्छ पानीको स्रोतका रूपमा रहेकाले यसको संरक्षण र सम्वर्द्धन गरी पर्यटन प्रवर्द्धन गर्न यस ठाउँको सम्भावना छ ।


केराबारी बजार

# केराबारी प्रमुख पर्यटकीय गन्तव्य बन्न सक्छ ।



**होमप्रसाद पौडेल**
(प्रमुख कार्यकारी अधिकृत)
केराबारी गाउँपालिका

तराईको जिल्लामा पर्ने भए पनि केराबारी गाउँपालिकाका अधिकांश क्षेत्र पहाडी भूभागमा पर्छन् । भौगोलिक विकटताका कारण यस क्षेत्रको भौतिक विकास अन्य क्षेत्रको तुलनामा कम छ । मोरङको सुदूर पूर्वोत्तरमा पर्ने यो गाउँपालिकाको प्रमुख विशेषता भनेको पर्याप्त पर्यटकीय सम्भावना हो भन्ने कुरामा दुई मत हुँदैन ।

स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूको आगमनसँगै हरेक क्षेत्रको विकासलाई एकसाथ अघि वढाउने प्रयास भएका छन् । त्यसमा कर्मचारीहरूले साथ दिइरहेका छन् । जनप्रतिनिधिले देखेका सपनालाई साकार पार्ने हाम्रो दायित्व हो । त्यसलाई हामीले भुलेका छैनौं ।

यो क्षेत्र भौगोलिक रूपमा जति विकट छ प्राकृतिक सुन्दरतामा उति नै मनमोहक पनि छ । यहाँका पर्यटकीय स्थलहरूमा सडक सञ्जाल मात्र पुऱ्याउन सके यस क्षेत्रको प्रमुख आम्दानी पर्यटन क्षेत्र नै बन्ने छ ।

गाउँपालिकाको दीर्घकालीन आम्दानीको स्रोत बन्ने गरी पर्यटन क्षेत्रको विकास र विस्तारमा लागि परेका छौं । सुन्दर पर्यटकीय क्षेत्रले भरिपूर्ण यो गाउँपालिकामा पाहुनाहरू आउने वातावरण बनाउन गाउँपालिकाले यथोचित प्रयास गरेको छ । पर्यटकीय गन्तव्यहरूसम्म सडक सञ्जाल पुऱ्याउने, खानेपानी, विद्युत र सुरक्षा सबै हिसाबले उत्तम बनाउने सके आयस्रोतको ढोका खुल्ने छ । केराबारीलाई पर्यटनको गन्तव्यका रूपमा विकसित गर्न हामीले बिशेष प्राथमिकता दिएका छौं । यसका लागि योजनावद्ध रूपमा अघि बढिरहेका छौं ।

केराबारी पर्यटन, पर्या-पर्यटन तथा साँस्कृतिक पर्यटनको केन्द्र पनि हो । यसलाई एउटा मालामा जोडेर अघि बढ्ने हाम्रो लक्ष्य छ । पर्यटकीय गन्तब्यको पहिचान र विकास गरी पर्यटन प्रबर्द्धनमा जोड दिइरहेका छौं ।

केराबारीको समग्र विकाससँगै पर्यटकीय स्थलहरूको विकासलाई प्राथमिकतामा राखेका छौं । पर्यटकीय स्थलहरूको पहिचान, प्रचार प्रसारका साथै भौतिक पूर्वाधारका लागि गाउँपालिकाले ठोस योजनावद्ध रूपमा काम अघि बढाइरहेको छ । भौतिक पूर्वाधार निर्माण र पर्याप्त प्रचार प्रसार गर्न सके केराबारी प्रदेश १ कै प्रमुख गन्तब्य बन्नेमा हामी ढुक्क छौं ।

## कसरी पुगिन्छ केराबारी ?

काठमाण्डौबाट ३८७ किलोमीटर पूर्वको यात्रा गरेपछि केराबारी बजार आइपुगिन्छ । काठमाण्डौंवाट सवारी सधानमा यात्रा गर्दा ९ देखि ११ घण्टा लाग्छ । काठमाण्डौंवाट यात्रा गर्नका लागि रात्री तथा दिवा सेवाका बसहरू सहजै पाइन्छ । यसका अलवा त्रिभुवन विमान स्थल काठमाण्डौंवाट विराटनगर विमान स्थल सम्मको करीव ३० देखि ४५ मिनेट सम्मको हवै यात्रा गरेपछि विरानगर विमान स्थलवाट इटहरी हुदै ३७ किलोमीटर पूर्व लागेपछि यहाँ पुग्न सकिन्छ । यसका लागि करीव डेढ घण्टा लाग्छ । विराटनगरवाट पुर्व जाने सार्वजनिक यातायातका साधनमा चढेर विराट चोक पुर्वमा रहेको खोर्साने चोकमा उत्रनु पर्छ । त्यहाँबाट उत्तर तर्फ करीव साडे आठ किलोमिटर यात्रा गरेपछि केराबारी बजार पुगिन्छ । विमान स्थलमा भाडाका सवारी साधनहरू जति बेलापनि उपलब्ध हुन्छन् । यसका अलवा विराटनगरको पुष्पलाल चोक हुदै जाने अर्को छिटो वाटो छ । साडे २२ किलोमीटरको यात्रा गर्न यो सडकमा करीव ४५ मिनेट लाग्ने छ । अहिले यो सडक चार लेनको बनी रहेको छ । यसको निर्माण सकिएपछि यो सडक यात्राका लागि छिटो र सजिलो हुनेछ ।

यसै गरी पूर्वको नाका काकरभिट्टाबाट पूर्वपश्चिम राजमार्गमा पश्चिम तर्फको यात्रा गऱ्यो भने करीव ३ घण्टामा केराबारी आउन सकिन्छ । यसको दुरी ८९ किलोमिटर छ ।



**रोहित बहादुर कार्की**
(अध्यक्ष)
केराबारी गाउँपालिका, मोरङ



**शान्ति कुमारी लिम्बु भुजेल**
(उपाध्यक्ष)
केराबारी गाउँपालिका, मोरङ

# पर्यटनलाई आम्दानीको दीर्घकालीन स्रोत बनाउँछौं ।

गाउँपालिकाको दीर्घकालीन आम्दानीको स्रोत बन्ने गरी पर्यटन क्षेत्रको विकास र विस्तारमा लागेका छौं । सामाजिक, आर्थिक, भौतिक रूपमा गाउँलाई बलियो बनाउने हाम्रो प्रमुख लक्ष्य हो । सुन्दर पर्यटकीय क्षेत्रले भरिपूर्ण यो गाउँपालिकामा धेरै सम्भावनाहरू छन् । भौगोलिक विकटता चाहिँ हाम्रो सबैभन्दा ठूलो चुनौती हो । यसलाई सहज बनाउँदै पर्यटकीय गन्तव्यहरूसम्म सडक सञ्जाल पुऱ्याउने, खानेपानी, विद्युत र सुरक्षा सबै हिसाबले उत्तम बनाउने प्रयास जारी छ ।
पर्यटनको दिगो विकासका लागि पूर्वाधारको विकास पहिलो सर्त हो । यसलाई पुरा गर्न ग्रामीण सडकहरू ग्राभेलदेखि कालोपत्रेसम्मका काम भएका छन् । खास गरेर स्वरोजगार, उद्यमशीलताको कुरा, आर्थिक आयआर्जनतर्फ लाग्न आकर्षित र प्रेरित गर्ने गरी कार्यक्रम पनि अघि बढाइरहेको अवस्था छ । सडक, बिजुली बत्ती, कृषि, सिँचाइ, पशुपालनलगायत क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेका छौं ।
विकास निर्माण, कृषि र पर्यटनलाई जोडेर अघि बढिरहेका छौं । केराबारीलाई पर्यटनको गन्तव्यका रूपमा विकसित गर्ने योजनामा छौं । केराबारी गाउँपालिका थुप्रै पर्या-पर्यटकीय धार्मिक र सांस्कृतिक केन्द्र हो । प्रसिद्ध जेफाले, ध्वजेडाँडा, महादेव पार्वती गुफा जस्ता महत्वपूर्ण स्थानहरू यसै गाउँपालिकाभित्र पर्दछन् । चारकोशे झाडी, खदम र लोहन्द्रा खोला तथा अन्य विभिन्न खोला, पोखरी, भास, भव (मूल) होली, पैनीजस्ता थुप्रै सिमसार क्षेत्रहरू यस गाउँपालिकामा छन् । केराबारी गाउँपालिकामा स्थायी प्रकृतिका जैविक र साँस्कृतिक तथा पर्यावरणीय महत्व बोकेका क्षेत्रहरू हुनुले यस गाउँपालिकाको शोभा बढाएको छ । यहाँको पहाडी क्षेत्र, यस गाउँपालिका अन्तर्गत रहेको तराईको क्षेत्र र चारकोशे झाडी क्षेत्र पर्यटन विकासको दृष्टिले अत्यन्त महत्वपुर्ण रहेका छन् ।
पर्यटन विकासका लागि सांस्कृतिक पक्ष पनि सम्पन्न हुन आवश्यक छ । केराबारी क्षेत्र साँस्कृतिक दृष्टिले पनि निकै सम्पन्न मानिन्छ । समग्रमा केराबारी क्षेत्रको पर्यटन, पर्या-पर्यटन तथा साँस्कृतिक पर्यटन केन्द्र हो । यहाँको जैविक विविधता, पहाडी क्षेत्रमा तराईको तातो छल्न शितल ताप्ने, मनोरञ्जन लिने, शान्त वातावरणमा रमाउनेहरूका लागि अवसर सिर्जना गर्ने र आर्थिक बिकास गर्ने यहाँको पर्यटनका लागि आधारभूत कुरा हुन् ।
पर्यटकीय गन्तब्यको पहिचान र विकास गरी पर्यटन प्रबर्द्धनमा जोड दिने कार्यलाई हामीले प्राथमिकतामा राखेका छौं । आन्तरिक तथा वाह्य पर्यटनका लागि पदमार्ग विकास गर्ने योजना छ । पर्यटन पूर्वाधार बिकासमा जोड दिदै कला संस्कृति झल्कने संग्रहालयको संरक्षण तथा प्रवर्द्धन गरिनेछ । पर्यटन बिकासका लागि गुरुयोजना निर्माण गरिनेछ । पर्यटन सूचना केन्द्रको विकास गरी परमपरागत कला संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।